# प्रमुखको सन्देश



प्रदेश नं. ३ मा कृषि व्यवसायको प्रवर्द्धन र सोका लागी आवश्यक पर्ने जनशक्तिहरूको सीप तथा क्षमता विकास गर्नका लागी यस कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको स्थापना भएको हो । हाल यस प्रदेशमा कृषि व्यवसायहरूको विकासका लागी चाहिने दक्ष जनशक्ति उपलब्ध गराउने र सञ्चालित कृषि व्यवसायहरूमा आधुनिक प्रविधिहरूको प्रयोग मार्फत उत्पादन लागत घटाउने, उत्पादित वस्तुको गुणस्तरमा सुधार गरी आन्तरिक र बाह्य बजारहरूमा प्रतिस्पर्धात्मक क्षमता बढाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने प्रमुख चुनौती रहेको छ ।

माथि उल्लेखित चुनौतीहरूलाई सामना गर्न यस केन्द्रले कृषि व्यवसायको स्थापना र विकास गर्न आवश्यक दक्ष र सीपयुक्त जनशक्ति उत्पादनका लागी क्षमता विकासका विभिन्न कार्यक्रमहरू तथा कृषि व्यवसायमा संलग्न हुन चाहने उद्यमीहरूलाई विभिन्न खाले सहयोग उपलब्ध गराउँदछ । यस परिप्रेक्षमा केन्द्रले स्थानीय, प्रादेशिक र संघीय तहमा रहेका उक्त विषयसंग सम्बन्धीत विभिन्न सरकारी, अर्धसरकारी, गैरसरकारी तथा नीजि क्षेत्रका संस्था तथा सरोकारवालाहरूसंग समन्वय र सहकार्य गर्दै आफ्नो लक्ष अनुसारको कार्यक्रमहरू अगाडी बढाउदै गइरहेको छ ।

यसै सन्दर्भमा प्रदेश नं. ३ अन्तर्गतका सम्बद्ध सरोकारवालाहरूलाई यस केन्द्र र यसले सञ्चालन गर्ने कार्यक्रमहरूको बारेमा जानकारी गराउने उद्देश्यले यो परिचयात्मक पुस्तिका तयार गरिएको हो । आगामी दिनमा यस पुस्तिकमा उल्लेख भए बमोजिम यस केन्द्रको कार्यक्षेत्रसंग सम्बन्धीत कार्यक्रमहरूमा सरोकारवालाहरूसंग सहकार्यका लागी अनुरोध साथै अपेक्षा समेत गर्दछु । पुस्तिका तयार गर्न सहयोग गर्नु हुने यस केन्द्रका वरिष्ठ कृषि प्रसार अधिकृत श्री पवन सिंह भण्डारी, वरिष्ठ अर्थविज्ञ श्री महेन्द्र कुँवर, कृषि प्रसार अधिकृत द्वय श्री अर्चना भट्टराई तथा श्री झरना पन्थी एवं सम्पूर्ण कर्मचारीहरूलाइ धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

**विमल थापा क्षेत्री**
**प्रमुख (सह-सचिव)**
**अधिकृतस्तर एघारौं**

# केन्द्रको संगठनात्मक संरचना

**प्रमुख**

अधिकृतस्तर एघारौं/बाह्रौं (प्रा.) समुहकृत नहुने - १

| प्रशासन शाखा | कृषि व्यवसायको प्रवर्द्धनसहयोग शाखा | कृषि व्यवसाय तालिम शाखा |
|---|---|---|
| अधिकृतस्तर छैठौं/सहायकस्तर पाँचौं (प्रशासन/सा.प्र) -१<br>अधिकृतस्तर छैठौं/सहायकस्तर पाँचौं (प्रशासन/लेखा) -१<br>खरिदार सहायकस्तर पाँचौं /सहायकस्तर चौथो (प्रशासन/सा.प्र) -१<br>हलुका सवारी चालक श्रेणी विहिन-२<br>कार्यालय सहयोगी, श्रेणी विहिन-३ | अधिकृतस्तर नवौं/दशौं (कृषि/एग्री.इको.)-१<br>कृषि प्रसार अधिकृत, अधिकृतस्तर सातौं/आठौं (कृषि/कृषि प्रसार)-१<br>अधिकृतस्तर छैठौं/सहायकस्तर पाँचौं (कृषि/एग्री.इको.)-१ | अधिकृतस्तर नवौं/दशौं (कृषि/ कृषि प्रसार.)-१<br>कृषि प्रसार अधिकृत, अधिकृतस्तर सातौं/आठौं (कृषि/कृषि प्रसार)-१<br>अधिकृतस्तर छैठौं/सहायकस्तर पाँचौं (कृषि/ कृषि प्रसार)- २ |

# केन्द्रको दरबन्दी विवरण

| क्र.सं. | केन्द्रको स्वीकृत दरबन्दी अनुसारको पद | समायोजन पछिको श्रेणी | सेवा, समुह | दरबन्दी संख्या |
|---|---|---|---|---|
| १ | प्रमुख | अधिकृतस्तर एघारौं/बाह्रौं (प्रा.) | नेपाल कृषि, समुहकृत नहुने | १ |
| २ | वरिष्ठ कृषि अर्थविज्ञ | अधिकृतस्तर नवौं/दशौं (प्रा.) | नेपाल कृषि, एग्री.इको. एण्ड मार्केटिङ्ग | १ |
| ३ | वरिष्ठ कृषि प्रसार अधिकृत | अधिकृतस्तर नवौं/दशौं (प्रा.) | नेपाल कृषि,कृषि प्रसार | १ |
| ४ | कृषि प्रसार अधिकृत | अधिकृतस्तर सातौं/आठौं (प्रा.) | नेपाल कृषि, कृषि प्रसार | २ |
| ५ | प्राविधिक सहायक | अधिकृतस्तर छैठौं/सहायकस्तर पाँचौं (प्रा.) | नेपाल कृषि, कृषि प्रसार | २ |
| ६ | प्राविधिक सहायक | अधिकृतस्तर छैठौं/सहायकस्तर पाँचौं (प्रा.) | नेपाल कृषि, एग्री.इको. एण्ड मार्केटिङ्ग | १ |
| ७ | नायब सुब्बा | अधिकृतस्तर छैठौं/सहायकस्तर पाँचौं (प्र.) | नेपाल प्रशासन, सामान्य प्रशासन | १ |
| ८ | लेखापाल | अधिकृतस्तर छैठौं/सहायकस्तर पाँचौं (प्र.) | नेपाल प्रशासन, लेखा | १ |
| ९ | खरिदार | सहायकस्तर पाचौं/सहायकस्तर चौथो (प्र.) | नेपाल प्रशासन, सामान्य प्रशासन | १ |
| १० | हलुका सवारी चालक | श्रेणी विहिन | ईञ्जिनियरिङ्ग, मेकानिकल | २ |
| ११ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन, सामान्य प्रशासन | ३ |
| | **जम्मा** | | | **१६** |

# परिचय

कृषि क्षेत्रको आधुनिकीकरण तथा कृषि व्यवसायको विकास मार्फत खाद्यसुरक्षा एवं गरिबी निवारणमा टेवा पुर्याउदै प्रदेश नं. ३ को समग्र आर्थिक सामाजिक विकासको गतिलाई अगाडी बढाउन, प्रदेशस्तरमा कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गरी यस क्षेत्रमा संलग्न कृषक, कृषि व्यवसायी एवं प्राविधिकहरूको निरन्तर रूपमा सीप तथा क्षमता अभिवृद्धि गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय मातहत रहने गरि कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रलाई प्रमुख जिम्मेवारी तोकिएको छ । यस प्रदेशका कृषकहरू, कृषि उद्यमी तथा व्यवसायीहरूलाई कृषि क्षेत्रमा लगानी गर्न आकर्षित गर्दै उनीहरूलाई व्यवसाय गर्न उत्प्रेरित गर्ने, व्यवसाय स्थापना तथा सञ्चालनमा आवश्यक प्राविधिक तथा अन्य विषयमा परामर्श सेवा उपलब्ध गराउने र कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी विभिन्न क्रियाकलापहरू सञ्चालन गरी यस प्रदेशमा कृषि व्यवसायको विकासलाई गति प्रदान गर्ने जिम्मेवारी समेत यस केन्द्रको रहेको छ । यस केन्द्रको कार्यालय हाल भक्तपुरको चुनदेवीमा रहेको छ ।

## दिर्घकालिन सोच

आधुनिक प्रविधिको प्रयोग तथा विस्तार मार्फत प्रदेशस्तरमा कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायिकरण एवं कृषि व्यवसायको दिगो विकास गरी खाद्यसुरक्षा तथा गरिबी निवारणमा टेवा पुर्याउदै राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान दिने ।

## लक्ष्य

- उपलब्ध आधुनिक तथा उन्नत कृषि प्रविधिहरूको प्रयोग मार्फत कृषि क्षेत्रको उत्पादकत्व वृद्धि तथा उत्पादित उपजहरूको गुणस्तरमा वृद्धि गरी उच्च प्रतिफलयुक्त कृषि व्यवसायहरूको विकास गर्न आवश्यक सीप तथा क्षमता विकास गर्ने ।
- प्रदेशमा उपलब्ध श्रोत साधन, पूँजी, मानव संसाधन तथा उद्यमशीलताको समुचित उपयोग तथा संयोजन गर्ने वातावरण तयार गरी कृषि व्यवसायको विकास मार्फत प्रदेशको समग्र सामाजिक, आर्थिक क्षेत्रको विकास गर्ने ।

# उद्देश्य

- व्यवसायिक एवं दिगो कृषि तथा कृषि व्यवसायको विकासका लागि कृषि व्यवसायमा संलग्न रहेका र हुन चाहने कृषक, कृषि उद्यमी, कृषि प्राविधिक तथा कृषि मूल्य श्रृंखलामा आवद्ध अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न तालिम आवश्यकता पहिचान गर्ने, पहिचान भएका विषयहरूमा आवश्यकता अनुसार तालिम सञ्चालन गर्ने र सञ्चालित तालिम कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गर्ने ।
- प्रदेशस्तरमा विभिन्न सरकारी, अर्ध सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रबाट सञ्चालन गरिने तालिम तथा अन्य क्षमता विकासका क्रियाकलापहरूलाई समयानुकुल, एकरूपता र प्रभावकारी बनाउने सन्दर्भमा समन्वय गर्ने र विज्ञ परामर्श सेवा प्रदान गर्ने ।
- कृषि व्यवसायहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यमा इच्छुक कृषि व्यवसायीहरूलाई व्यवसाय स्थापना, सञ्चालन, विकास र विस्तारका लागी चाहिने प्राविधिक तथा अन्य आवश्यक सेवा प्राप्त गर्ने कार्यमा सहजीकरण गर्ने ।
- कृषि व्यवसाय प्रवर्द्धनका लागी व्यवसाय प्रवर्द्धनमूखी कार्यक्रमहरूको आयोजना गरी सरोकारवालाहरू बीच सम्बन्ध स्थापित गराइदिने र मुल्य श्रृंखलामा आधारित व्यवसायको विकास र विस्तारका लागी सहकार्यको वातावरण सिर्जना गर्ने ।

# कार्य विवरण

- प्रदेशस्तरमा कृषि उद्यमी तथा व्यवसायीहरूको रोष्टर तयार तथा अद्यावधिक गर्ने ।
- कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय सञ्चालनका लागि तालिम आवश्यकता पहिचान गर्ने र आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- प्रदेशस्तरमा कर्मचारीहरूको कार्य क्षमता अभिवृद्धि गर्न तथा वृत्ति विकासमा सहयोग पुर्याउने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने ।

- कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय सञ्चालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्बन्धीत निकायहरूसंग सम्बन्ध स्थापित गराइदिने ।
- विभिन्न कृषि उद्यम तथा व्यवसाय सञ्चालनका लागि आधारभुत जानकारीहरू प्रदान गर्ने ।
- कृषि उद्यम तथा व्यवसाय प्रवर्द्धनसंग सम्बन्धीत निकायहरू बीच समन्वय कायम गर्ने ।
- विदेशबाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरूलाई उद्यम तथा व्यवसाय सञ्चालनमा आवश्यक सहजीकरण गर्ने ।
- तोकिएको शुल्क लिई अन्य निकायबाट माग भई आए बमोजिम कृषि उद्यम तथा व्यवसाय सञ्चालन एवं प्रवर्द्धन सम्बन्धी तालिमहरू सञ्चालनको व्यवस्था गर्ने तथा तालिम पश्चात तालिमको प्रभावकारिता अध्ययन गर्न अनुगमन गर्ने ।
- कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक ज्ञान तथा सीप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरूप तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि ज्ञान केन्द्रहरूबाट सञ्चालन हुने तालिमको लागि पाठ्यक्रम तयारी गर्न सहयोग गर्ने ।
- कृषि व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने अन्य कार्यक्रम सञ्चालन गर्ने ।

## प्रमुख क्रियाकलापहरु

केन्द्रको स्विकृत कार्यविवरण अनुसार आफ्नो वार्षिक योजना तथा बजेटमा समावेश गरी यस केन्द्रले सेवाग्राहीहरूको सीप, क्षमता र दक्षता अभिवृद्धिका लागी विभिन्न प्रकारका तालिम कार्यक्रम, प्रविधि अवलोकन भ्रमण, गोष्ठी, सेमिनार, विशेष प्रवचन कार्यक्रमहरू सञ्चालन गर्दछ । कृषि व्यवसायको प्रवर्द्धनका क्षेत्रमा यस केन्द्रले प्रदेश नं. ३ अन्तर्गत रहेका कृषि उद्यमीहरूको रोष्टर तयार गरी प्रकाशित गर्ने, कृषि उद्यम तथा व्यवसाय स्थापना तथा सञ्चालनका लागी प्राविधिक सेवा टेवा प्रदान गर्ने, व्यवसायिक योजना तयारी सम्बन्धी सेवा, व्यवसायीहरूलाई खाद्य तथा कृषि सम्बन्धी मुल्य श्रृंखलाहरूको



जानकारी तथा मुल्य श्रृंखलामा समावेश हुन आवश्यक परामर्श तथा सहयोग, कृषि व्यवसायको प्रवर्द्धनका लागी केन्द्र आफैले वा अन्य नीजि तथा गैरसरकारी संस्थाहरूसंग सहकार्यमा विभिन्न मेला, महोत्सवहरूको सञ्चालन गर्दछ । यसका अलावा केन्द्रले कृषि उत्पादन, प्रशोधन, विक्रि वितरणलाई प्रवर्द्धन गर्न अडियो, भिडियो कार्यक्रमहरूको निर्माण तथा अन्य लिखित सामग्रीहरू प्रकाशन गरी सरोकारवाला तथा सेवाग्राहीहरूलाई विभिन्न माध्यमबाट वितरण गरी प्रचार प्रसार गर्ने र प्रवर्द्धन गर्ने कार्य समेत गर्दछ ।

## तालिम कार्यक्रमहरु

केन्द्रले प्रशिक्षार्थीहरूको आधारमा अगुवा कृषकस्तर, कृषि प्राविधिकस्तर र कृषि उद्यमीस्तर गरी तीन प्रकारका तालिम कार्यक्रमहरू सञ्चालन गर्दछ । सेवाग्राहीहरूको सीप, क्षमता र दक्षताको स्तर एवं उनीहरूको माग अनुसार पाँच दिन भन्दा कम अवधिको छोटो, पाँच देखि सात दिन सम्मको मध्यम र सात दिन देखि माथिका लामो अवधिको गरी विभिन्न अवधिका तालिम कार्यक्रमहरू सञ्चालन गरिन्छ । तालिमलाई प्रशिक्षार्थीहरूको व्यवसायमा प्रवेश र व्यवसायको स्तर अनुसार वर्गीकरण गरी व्यवसाय उन्मुख, व्यवसायिक र निर्यात प्रवर्द्धनमुखी गरी विभिन्न चरणहरूमा सञ्चालन गरिन्छ । यसका अलावा प्रदेश नं. ३ अन्तर्गतका कृषि विकास सम्बन्धी कार्यालयहरूमा कार्यरत प्राविधिक कर्मचारीहरूको सेवा प्रवेश तथा सेवाकालिन तालिम कार्यक्रमहरू समेत यसै तालिम केन्द्रबाट सञ्चालन गरिन्छ । केन्द्रले सेवाग्राहीहरूको माग र आवश्यकता अनुसार अन्य सरकारी, अर्धसरकारी, गैरसरकारी तथा नीजि क्षेत्रका संस्थाहरूसंग सहकार्य गरी साझेदारीमा समेत विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्न सक्दछ ।



## तालिम सञ्चालन विधि

केन्द्रले तालिम पाठ्यक्रम तर्जुमा एवं परिमार्जन समितिबाट स्विकृत तालिम पाठ्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गरी लक्षित उद्देश्य अनुरूप

तालिम सञ्चालन गर्नको लागी विभिन्न निकायहरूमा कार्यरत सम्बन्धीत विषयका विशेषज्ञहरूबाट कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाएको छ । कक्षा सञ्चालन गर्न प्रवचन विधिका अतिरिक्त, श्रव्य दृष्य सामग्री, स्थल अवलोकन भ्रमण, प्रयोगात्मक सत्र, सामुहिक छलफल, व्यक्तिगत तथा सामुहिक अभ्यास तथा प्रतिस्पर्धात्मक प्रदर्शनी लगायतका विधिबाट प्रशिक्षण गर्ने गरीएको छ । सुचना प्रविधि तथा शिक्षण सिकाईका क्षेत्रमा भित्रिएका नविनतम प्रविधि तथा विधिहरूलाई प्रयोग गरी तालिम कार्यक्रमलाई प्रभावकारी र रूचीकर बनाउन यस केन्द्रले यथासम्भव विभिन्न तौरतरिकाको प्रयोग गर्ने प्रयास गरेको छ । केन्द्रले पाठ्यक्रम तर्जुमा गर्दा सैद्धान्तिक र व्यवहारिक पक्षलाई उचित संयोजन गरि प्रशिक्षार्थीहरूको सीप र दक्षताका साथै चेतनास्तरमा समेत अभिवृद्धि गराई सफल व्यवहारको अनुसरणमा जोड दिने गरेको छ।

# तालिमको अवधि

केन्द्रबाट सञ्चालन गरिने तालिम कार्यक्रमहरूलाई पाँच दिन भन्दा कम अवधिको छोटो, पाँच देखि सात दिन अवधिको मध्यम र पन्द्र दिन भन्दा बढीको लामो अवधि गरी तीन प्रकारका तालिमहरूमा विभाजन गरिएको छ । केन्द्रले विशेष अवस्थामा र सेवाग्राहीहरूको माग र आवश्यकतालाई मध्यनजर गरेर मात्रै छोटो अवधिको तालिम सञ्चालन गर्ने गरेको छ । केन्द्रले प्रदेश सरकार अन्तर्गत नव प्रवेशी प्राविधिकहरूलाई मध्यम अवधिको सेवा प्रवेश तथा पैतिस कार्यदिन अवधिको सेवाकालिन तालिम समेत सञ्चालन गर्दछ ।

# प्रशिक्षार्थी छनौट तथा सहभागीता विधि

केन्द्रले आफूले सञ्चालन गर्ने तालिम तथा अन्य क्षमता विकासका क्रियाकलापहरूमा प्रदेश नं. ३ अन्तर्गतका कृषक, कृषि उद्यमी तथा कृषि प्राविधिकहरूलाई सहभागीको रूपमा आमन्त्रण गर्दछ । यसरी सञ्चालन हुने कार्यक्रमहरूमा सहभागीताका लागी केन्द्रले कृषक तथा कृषि उद्यमीहरूको हकमा प्रदेश नं. ३ का सम्बन्धीत जिल्लाहरूमा रहेको कृषि ज्ञान केन्द्र, फार्म केन्द्र, प्रयोगशालाहरूलाई पत्राचार गरी सहभागी छनौटका लागी अनुरोध गरी पठाउने गर्दछ । केन्द्रको अनुरोध अनुसार सम्बन्धीत कार्यालयहरूले तालिमको विषय, सेवाग्राहीहरूको माग र आवश्यकता अनुसार प्रशिक्षार्थीहरूको छनौट गरी केन्द्रमा सिफारिस सहित पठाउने व्यवस्था मिलाइएको छ । गैरसरकारी वा नीजि क्षेत्रबाट अनुरोध भई साझेदारीमा सञ्चालन हुने तालिम कार्यक्रमहरूको हकमा सम्बन्धीत संस्थाहरूबाटै आवश्यकता अनुसार प्रशिक्षार्थीहरूको छनौट हुने व्यवस्था रहेको

छ । कृषि प्राविधिकहरूलाई सञ्चालन गरिने तालिम तथा अन्य क्षमता विकासका क्रियाकलापहरूको हकमा केन्द्रले प्रदेशको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय र अन्तर्गतका कार्यालयहरूलाई विभिन्न आधारहरू तोकि सिफारिस सहित कर्मचारी पठाउन अनुरोध गर्ने र सम्बन्धीत कार्यालयहरूले पनि केन्द्रबाट तोकिएका आधारहरू अनुसार उपयुक्त कर्मचारीलाई छनौट गरी सिफारिस सहित सहभागीताका लागि पठाउने व्यवस्था रहेको छ ।

## प्रशिक्षार्थीको न्यूनतम योग्यता

तालिमको विषयवस्तु र प्रकृति अनुसार सहभागीहरूको न्यूनतम योग्यता निर्धारण गर्ने गरिन्छ । साधारणतया अगुवा कृषकस्तर तालिममा लेखपढ गर्न सक्ने, सम्बन्धीत कृषि उपजको उत्पादन, प्रशोधन, विक्रि वितरण प्रक्रियामा संलग्न भई न्यूनतम अनुभव तथा सीप हासिल गरेको कृषकलाई समावेश गरिन्छ । कृषि उद्यमी तथा व्यवसायीहरूको हकमा हाल कृषि उद्यम सञ्चालन गरिराखेको तथा आफै वा अन्य श्रोतबाट पूँजी लगानी गर्न सक्ने, सम्बन्धीत उद्यम व्यवसाय सञ्चालन गर्न रूची भएको, लेखपढका साथै व्यवसाय सम्बन्धी हिसाब किताब गर्न सक्षम व्यक्तिलाई प्रशिक्षार्थीको रूपमा समावेश गरिन्छ । प्राविधिक कर्मचारीहरूको लागी सञ्चालन गरिने तालिममा विधिवत् रूपमा नियुक्ती पाई प्रदेश मन्त्रालय र मातहतका कार्यालयमा पदस्थापना भई कार्यरत रहेको र सम्बन्धीत कर्मचारीको शैक्षिक योग्यता, सेवा समुह, पद, कार्यालयको कार्यक्रम सञ्चालनमा संलग्नता आदिलाई आधार बनाई प्रशिक्षार्थीको रूपमा समावेश गर्ने गरिएको छ ।

## तालिम पाठ्यक्रम

केन्द्रबाट सञ्चालन गरिने तालिम कार्यक्रमलाई समयानुकुल र व्यवहारिक बनाउन केन्द्रका प्रमुखको संयोजकत्वमा तालिम पाठ्यक्रम तर्जुमा एवं परिमार्जन समितिको व्यवस्था रहेको छ । उक्त समितिमा केन्द्रका पदाधिकारीको अलावा प्रदेशको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका विभिन्न निकायहरूबाट प्रतिनिधि सदस्यको रूपमा रहने व्यवस्था रहेको छ । यसका अलावा समितिले अन्य सरकारी, गैरसरकारी, नीजि क्षेत्र तथा सरोकारवालाहरूबाट समेत तालिम सञ्चालन हुने विषयसंग सम्बन्धीत विषय विशेषज्ञहरूलाई आमन्त्रण गरी तालिम पाठ्यक्रमहरूको तर्जुमा र समयानुकुल परिमार्जन गर्ने गरेको छ । बदलिदो परिवेशलाई मनन गरी कृषि क्षेत्रमा देखिएका नयाँ नयाँ चुनौतीहरूलाई सामना गर्दै उपलब्ध अवसरहरूलाई अधिकतम सदुपयोग गरी कृषिको व्यवसायीकरण तथा

कृषि व्यवसायको विकासमा टेवा पुर्याउन केन्द्रबाट सरोकारवालाहरूको आवश्यकता अनुसार सैद्धान्तीक र व्यवहारिक ज्ञानको समुचित समिश्रण हुने गरी तालिम पाठ्यक्रम तर्जुमा गर्ने गरिएको छ ।

## प्रशिक्षकहरु

केन्द्रबाट सञ्चालन हुने तालिमलाई सफल र प्रभावकारी तुल्याउन केन्द्रले संघीय एवं प्रदेश कृषि विकास मन्त्रालय र मातहतका निकायहरूमा कार्यरत विषय विशेषज्ञका साथै तालिमको विषयसंग सम्बन्धीत अन्य मन्त्रालय र निकायहरूमा कार्यरत विषय विशेषज्ञहरूलाई समेत विज्ञ प्रशिक्षकको रूपमा आमन्त्रण गरी तालिम सञ्चालन गर्ने गर्दछ । यसका अलावा केन्द्रले अन्य अर्धसरकारी, गैरसरकारी, नीजि क्षेत्रका संस्थाहरूमा रहेको विशेषज्ञतालाई पनि समेट्ने प्रयास गर्दै उक्त निकायहरूबाट आवश्यकता अनुसार विशेषज्ञहरूलाई आमन्त्रण गरी तालिम सञ्चालन गर्दछ ।

## प्रशिक्षार्थीहरुको मूल्यांकन

केन्द्रबाट सञ्चालन हुने तालिम कार्यक्रममा सहभागीहरूले तालिममा सहभागी भए पश्चात हासिल गरेका प्रगति तथा उपलब्धीहरूको विश्लेषण गर्नको लागी हरेक तालिममा प्रशिक्षार्थीहरूको मूल्यांकन गर्ने पद्धतीको विकास गरिएको छ । यस अन्तर्गत तालिम सञ्चालन अघि र पछि गरिने सीप, क्षमता र दक्षताको आवश्यकता अनुसार लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा सञ्चालन, तालिमका सहभागीहरूले तालिम पश्चात कार्यक्षेत्रमा गरेका प्रगतिहरूको स्थलगत अनुगमन, प्रशिक्षार्थीहरूको सन्तुष्टी सर्वेक्षण आदि पर्दछन् ।

## कृषि ब्यवसाय प्रवर्द्धन सहयोग कार्यक्रमहरु

केन्द्रले सञ्चालन गर्ने कृषि व्यवसाय प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत कृषि उद्यमी तथा व्यवसायीहरूको रोष्टर तयारी तथा अद्यावधिक गरी उत्पादक, व्यापारी तथा उपभोक्ता बीच सम्पर्क र समन्वय स्थापित गर्ने, कृषि उद्यमी र व्यवसायीहरूको क्षमता अभिवृद्धिका लागी व्यवसायिक तथा उद्यमशीलता विकास सम्बन्धीत तालिम कार्यक्रम सञ्चालन गर्ने, नव प्रवेशी उद्यमीहरु तथा व्यवसायको विस्तार र विविधिकरण गर्न इच्छुक व्यवसायीलाई व्यवसायीक योजना तयारीमा सहयोग गर्ने, व्यवसाय स्थापना तथा सञ्चालनका क्रममा विभिन्न सरकारी निकायहरूबाट प्राप्त गर्नुपर्ने सेवा सुविधा, र पुरा गर्नुपर्ने प्रक्रियाहरूको बारेमा जानकारी गराउने र सेवा प्राप्त गर्ने सिलसिलामा सहजीकरण गर्ने कार्य गर्दछ ।

# अध्ययन, अनुसन्धान

कृषि तथा कृषि उद्यमको क्षेत्रमा भईरहेका द्रुततर विकासको क्रममा कृषक, व्यवसायी एवं प्रसार सेवामा संलग्न प्राविधिक जनशक्तिको ज्ञान,सीप, क्षमता र दक्षतामा देखिएको कमी कमजोरीलाई पहिल्याई उपयुक्त खालको तालिम र सीप विकासको माध्यमबाट उक्त कमी कमजोरीलाई न्यूनीकरण गर्ने सिलसिलामा केन्द्रले तालिम आवश्यकता पहिचान गर्ने र तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन पश्चात प्रभावकारीता अध्ययन गरी भविष्यमा अझ व्यवस्थित र परिमार्जित ढंगले कार्यक्रम सञ्चालन गर्ने कार्य गर्दछ । यसका अलावा कृषि व्यवसाय प्रवर्द्धनका क्षेत्रमा आएका नविनतम प्रविधिहरू, तौरतरिकाहरूको हाम्रो परिवेशमा सान्दर्भिकता, प्रभावकारीता एवं आवश्यकता लगायतका विविध विषय क्षेत्रहरूमा समेत यस केन्द्रले अनुसन्धान गरी सरोकारवालाहरूलाई जानकारी गराई व्यवसाय प्रवर्द्धनका क्षेत्रमा ठोस टेवा पुर्याउने कार्य गर्दछ ।



# भौतिक पूर्वाधारहरुको विवरण र अन्य सुविधाहरु

केन्द्रबाट सञ्चालन गरीने तालिम कार्यक्रमहरू तथा व्यवसाय प्रवर्द्धनका क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न केन्द्रमा तालिम हल, व्यवसाय परामर्श कक्ष, प्रशिक्षार्थीहरूलाई अतिरिक्त अध्ययनका लागी आवश्यक पाठ्यपुस्तक र सन्दर्भ सामग्री सहितको पुस्तकालय, अडियो भिडियो सामग्री र इन्टरनेट सुविधा सहितको ई-लाइब्रेरी, चमेनागृह आदिको व्यवस्था गर्दै लगिनेछ । तालिम तथा भ्रमणका लागी आउने कृषक, व्यवसायी र प्राविधिकहरूको आवास सुविधाको लागि उनीहरूको रूची र आवश्यकता अनुसार सरकारी तथा गैरसरकारी निकायहरूमा रहेको अतिथि गृहहरू र नीजि व्यवसायीबाट सञ्चालित होटलहरूमा बस्ने व्यवस्था गरिनेछ । तालिम र भ्रमण अवधिभर प्रशिक्षार्थीहरूको आवतजावतको लागी विभिन्न सवारीसाधनहरू भाडामा लिई सञ्चालन गर्ने गरिएको छ । केन्द्रले सञ्चालन गर्ने

कार्यक्रमहरूमा सहभागीहरूलाई आवश्यक सेवा सुविधाहरू र परेका समस्याहरूको समयमै समाधानका लागी हरेक कार्यक्रमहरूमा संयोजक वा सम्पर्क व्यक्ति तोकि सहभागीहरूको माग र आवश्यकतालाई यथोचित समाधान गर्ने प्रयास गरिएको छ ।

# अतिरिक्त क्रियाकलापहरु

कृषक तथा कृषि व्यवसायको विकास र विस्तार तालिम कार्यक्रमबाट मात्र सम्भव नहुने तथ्यलाई आत्मसाथ गर्दै केन्द्रले तालिम कार्यक्रमका अलावा नविनतम प्रविधिहरूको प्रचार प्रसार र प्रवर्द्धनका लागी समय समयमा प्राविधिक अवलोकन भ्रमणहरू, कृषि मेला महोत्सवहरूको सञ्चालन सहयोग र सहभागीता,





विभिन्न कृषि तथा कृषि व्यवसाय सम्बन्धी अडियो रेकडिङ, भिडियो डकुमेन्ट्री निर्माण तथा प्रसारण, अन्य प्रचार प्रसारका सामग्रीहरूको उत्पादन तथा वितरण जस्ता क्रियाकलापहरू समेत सञ्चालन गर्ने गर्दछ ।

# भावी योजनाहरु

यस केन्द्रलाई भविष्यमा देशकै नमुना कृषि तालिम केन्द्रको रूपमा विकसित गर्ने सोच रहेको छ । साथै राष्ट्रियस्तरको तालिम समेत सञ्चालन गर्न सक्ने खालको पुर्वाधार विकास गर्ने लक्ष्य रहेको छ । अन्य सरकारी निकायहरूका अलावा गैरसरकारी तथा नीजि क्षेत्रबाट सञ्चालन गरिने कृषि सम्बन्धी तालिमहरूलाई समेत यसै केन्द्र मार्फत सहकार्यमा सञ्चालन गर्न सकिने गरी केन्द्रको क्षमता विकास गर्ने प्रयास भई रहेको छ । नीजि क्षेत्रहरूबाट कृषि व्यवसाय स्थापना, सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा माग हुने व्यवसाय परामर्श सेवा सम्बन्धी विज्ञ केन्द्रको रूपमा विकसित गर्ने तर्फ केन्द्रको प्रयास रहेको छ ।